आज मिति २०७७ साल आश्विन ९ गते शुक्रवारका दिन जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेलको अध्यक्षतामा COVID-19 नियन्त्रण तथा रोकथामको लागि गठीत जिल्लास्तरिय Crisis Management Center को बैठक बसी देहाय बमोजिम निर्णयहरु गरियो ।

उपस्थिति:

| | | |
|---|---|---|
| क. प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेल, | जिल्ला प्रशासन कार्यालय | संयोजक |
| ख. प्रमुख सेनानी श्री जितेन्द्र कुमार गौंली | श्री शेर गण, चोहर्वा | |
| ग. प्रहरी उपरिक्षक श्री उमाशंकर पँजियार | जिल्ला प्रहरी कार्यालय | |
| घ. सशस्त्र प्रहरी उपरिक्षक श्री दिपेन्द्र गिरी | सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण, हे.क्वा. | |
| ङ. उप. अनु. निर्देशक श्री रमेशचन्द्र यादव | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | |
| च. सहायक प्रमुख जिल्ला अधिकारी श्री अनुज भण्डारी, | जिल्ला प्रशासन कार्यालय | |
| छ. नि.जिल्ला समन्वय अधिकारी श्री शिवेन्द्र मण्डल, | जिल्ला समन्वय समिति | |
| ज. मे.सु. डा. नगेन्द्र प्रसाद यादव, | सिराहा अस्पताल | |
| झ. प्रमुख, श्री कृष्णदेव यादव, | स्वास्थ्य कार्यालय, सिराहा | |
| ञ. सभापति श्री राजदेव यादव, | नेपाल रेडक्रस सोसाइटी, जिल्ला समिति, सिराहा | |
| ट. प्रतिनिधि श्री देवकुमार यादव | पत्रकार महासंघ, जिल्ला कार्यसमिति | |
| ठ. अध्यक्ष श्री प्रमोद पोद्दार | उद्योग वाणिज्य संघ, सिराहा | |
| ड. अध्यक्ष श्री अशोक अमात्य | उद्योग वाणिज्य संघ, लहान, सिरहा । | |

विशेष उपस्थिती(सल्लाहकार) :

| | |
|---|---|
| समन्वय प्रमुख श्री रामचन्द्र ठाकुर | जिल्ला समन्वय समिति, सिरहा । |

निर्णयहरु :

१. कोभिड १९ को संक्रमणलाई नियन्त्रण तथा रोकथाम सम्बन्धी विद्यमान व्यवस्थापनबारे बैठकमा छलफल भयो । यसमा जिल्लास्तरिय CCMCबाट मिति २०७७।०५।२६ र २०७७।०६।०१ मा भएको निर्णयको प्रभावकारी कार्यान्वयन एवंम ततसम्बन्धी दैनिक नियमित प्रतिवेदन गर्न सबै १७ वटै स्थानीय तहहरुलाई समेत पुनः अनुरोध गरी अनुगमन गर्ने गराउने ।

२. कोभिड १९ को रोकथाम तथा नियन्त्रण कार्यमा फ्रन्टलाईनमा खटिइएका सम्पुर्ण स्वास्थ्यकर्मीहरुको प्रभावकारी सुरक्षा व्यवस्था कायम गर्ने, सुरक्षाकर्मीहरुको मनोबल उच्च बनाउन तथा सुरक्षाकर्मीहरुको बसोबास, खाद्यान्न र स्वास्थ्य सुरक्षा उपकरणको समुचित प्रबन्ध मिलाउने र लकडाउनको अवधिमा हुनसक्ने सुरक्षा चुनौतिहरुलाई प्रभावकारीरुपमा समाधान गर्ने तर्फ सुदृढ तथा प्रभावकारी सुरक्षा व्यवस्थापन गर्ने । साथै कानुन विपरितको कार्य गर्ने जोकोहीलाई नियन्त्रणमा लिई कानुन बमोजिमको कारवाही गर्ने ।

प्रमुख जिल्ला अधिकारी

३. सिराहा जिल्लामा कोभिड १९ को संक्रमण व्यवस्थापनको हालको अवस्था देहाय अनुरुप रहेको बैठकमा अवगत भयो ।

| जिल्ला सिराहा | चेकजाँच गरेको संख्या | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन स्थलको संख्या | क्वारेन्टाईन वेड संख्या | क्वारेन्टाईन |  |  | क्वारेन्टाईनबाट फर्ता गरेको संख्या | आईसोलेसन वेड संख्या | आईसोलेसन |  |  | आईसोलेसनबाट फिर्ता गरिएको संख्या | स्वाब संकलन गरिएका व्यक्तिको संख्या | स्वाब परिक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | उपचार्थ | निको भएका | मृत्यु | PPE / PPE Gown को संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  |  | पु. | म. | ज. |  |  | पु. | म. | ज. |  |  |  |  |  |  |  |  |  |
|  | ७ | ० | २० | १४०० | ८४ | ९ | ९३ | ७४०९ | २०५ | ७१६ | ६२ | ७७८ | ४५४ | १००६७ | १००२२ | १२५१ | ७७८ | ४५४ | १२ | ३५४५ |  |

४. सिरहा जिल्लामा कोभिड १९ संक्रमण बढ्दै गईरहेको र जोखिम कायमै रहेको अवस्थामा जनस्वास्थ्यमा गम्भिर असर परी यस जिल्लाभर कोभिड १९ को संक्रमणबाट १२ जनाको दु:खद निधन भैसकेको । कोभिड १९ को संक्रमणलाई रोकथाम तथा नियन्त्रणका लागि मिति २०७७ श्रावण ३२ गते देखि कायम रहेको निषेधाज्ञा मिति मिति २०७७ आश्विन १० गते राती १२:०० बजेसम्म जारी गरिएकोमा कोभिड १९ को संक्रमण जोखिम न्यूनीकरण गर्दै जनजीवनलाई सामान्य तुल्याउनु पर्ने र कोभिड १९ को संक्रमणलाई नियन्त्रण र रोकथाम पनि गर्नु पर्ने अवस्था रहेकोले मिति मिति २०७७ आश्विन १० गते राती १२:०० बजेसम्म लागु रहेको निषेधाज्ञालाई मिति २०७७ साल आश्विन २५ गते राती १२:०० बजेसम्म सिरहा जिल्लाभर निषेधज्ञा लागु हुने गरी नेपाल सरकार मन्त्रिपरिषदको निर्णय, स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) र संक्रामक रोग ऐन, २०२० को दफा ३ र ४ को अधिकार प्रयोग गरी देहाय अनुरुप गर्न गराउनको लागि सिफारिश गर्ने ।

**निषेध गरिएका गतिविधिहरु :**

१. **हाटबजार लगाउन,**

२. मानिसहरु भेला हुन, भीडभाड गर्न, सभा जुलुस वा प्रदर्शन हुने जस्ता कार्य गर्न गराउन ,
सबै प्रकारका सभा, गोष्ठी तलिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, मनोरंजन स्थल, शैलुन, ब्युटिपार्लर, स्पा, स्वीमिंग पुल, जिमखाना, समुहमा खेलिने खेलकुद, र खेल प्रस्तुति, प्रदर्शनी, पुस्तकालय, संग्रहालय संचालन गर्न,

३. भीडभाड हुने गतिविधि : जस्तै **जात्रा, महोत्सव, भोजभतेर र मेला** आदि संचालन गर्न गराउन,

४. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक तथा साँस्कृतिक स्थलहरुमा दैनिक नित्य पुजा, आरधना बाहेकका गतिविधिहरु संचालन गर्न,

५. चाडपर्व लगायतका धार्मिक साँस्कृतिक तथा सामाजिक कार्य गर्नका लागि हुने जमघटहरु,

६. बढी भिडभाड हुने उद्योग, कलकारखाना, व्यापार/व्यवसाय अन्तर्गतका स्वास्थ्य तथा सुरक्षा मापदण्ड विपरित हुने क्रियाकलापहरु गर्न,

७. स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्ड/प्रोटोकल विपरित हुने गरी वा नेपाल सरकारको निर्णय विपरित हुने गरी शैक्षिक संस्थाहरु संचालन गर्न,

८. उद्योग, व्यापार, व्यवसाय, निर्माण आदि कार्य गर्नको लागि स्वास्थ्य तथा सुरक्षा मापदण्ड विपरित श्रमिक/कामदारको ओसार पसार तथा प्रयोग गर्न ।

९. नेपाल सरकारद्धारा निषेध गरेका अन्य विषय तथा क्षेत्रहरु ।

**संचालन गर्न सकिने क्रियाकलापहरु :**

१. अति आवश्यक काम नपरी घर बाहिर ननिस्कन, अति आवश्यक कार्य परेर बाहिर निस्कदा मास्कको अनिवार्य प्रयोग गर्ने, कम्तिमा २ मिटरको सामाजिक दुरी कायम गर्ने र साबुन पानिले हाथ धुने वा स्यानिटाइजरको प्रयोगलाई अनिवार्य गर्ने जस्ता स्वास्थ्य तथा सुरक्षा मापदण्ड अवलम्वन गरी पालना गर्ने ।

२. माडर नाकाबाट मात्र नेपाली नागरिक भारत तर्फ बाट आउन सक्ने, आइसकेपछि क्वारेन्टिनमा बसि PCR परीक्षण गर्नु पर्ने, अन्य सीमा क्षेत्रबाट आवत जावत गर्न नपाइने नेपाल सरकारको निर्णय भने यथावत कायम रहिरहने छ।

३. सवारी साधन :

क. सिट क्षमताको ५० प्रतिशत यात्रु रहने ।

प्रमुख जिल्ला अधिकारी

ख. भौतिक दुरी कायम हुने गरी एक पंक्तिको सिटमा १ जना मात्र यात्रु राख्ने । सिटमा बाहेक यात्रु राख्न नपाउने ।

ग. सबै यात्रुले मास्क लगाउने ।

घ. यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजर समेतको व्यवस्था गर्ने ।

ङ. चालक तथा सहचालकले मास्क, भाइजर र पञ्जा लगाउने ।

च. सवारी साधनलाई दैनिक रुपमा निसंक्रमित गर्ने ।

छ. यो व्यवस्था लागू रहँदासम्म तोकिएको भाडा दरमा अधिकतभ थप ५० प्रतिशतसम्म भाडा लिन सक्ने ।

ज. सार्वजनिक यातायात सञ्चालन र यात्रु व्यवस्थापन सम्बन्धी थप र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा तयार भएको विस्तृत मापदण्ड कार्यान्वयन गर्ने ।

झ. सार्वजनिक यातायात सञ्चालन तथा यात्रु व्यवस्थापन यस दफा बमोजिम भए नभएको र स्वास्थ्य तथा सुरक्षा मापदण्डको कडाईका साथ पुर्ण पालना भए नभएको अनुगमन यातायात व्यवस्था कार्यालय र ट्राफिक प्रहरीले गर्ने गराउने ।

ञ. कुनै पनि सवारी साधनको गति (Speed) सिमित हुनुपर्नेछ।

४. नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड/प्रोटोकल अनिवार्य पालना गर्ने गरी संचालन गर्नपर्ने :

(क) <u>उद्योग तथा कल कारखाना एवं कृषि क्षेत्रको व्यवसाय :</u>

आ-आफ्नो परिसरमा सञ्चालन गर्ने व्यवस्था यथावत कायम रहनेछ।

(ख) <u>पसल संचालन</u> :

- अत्यावश्कीय : औषधी र स्वास्थ्य सेवा नियमित रुपमा सञ्चालन हुनेछ।
- खाध्यान्न, दुध, फलफूल, तरकारी, ग्यास, माछा मासु वा अण्डा जस्ता सेवा र अन्य सामान बिक्री गर्ने पसलहरु : बिहान ५:०० बजे देखि अपरान्ह ६:०० बजे सम्म ।
- <u>होटल तथा रेष्टुराहरु :</u> स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेको स्वास्थ्य मापदण्ड पालना गरी होटल, रेष्टुरेण्ट, ट्रेकिंग, तथा ट्राभल्स व्यवसाय सञ्चालन गर्ने । होटल, रेष्टुरेण्ट, ट्रेकिंग, तथाा ट्राभल्स व्यवसाय सञ्चालन गर्दा जनस्वास्थ्य र सुरक्षाका मापदण्ड कडाइका साथ पुर्ण पालना भए नभएको अनुगमन गर्ने । साथै तयारी खानाको सप्लाई दिने टेक अवे को सेवा दिन सक्नेछन् ।त्यस्ता टेक अवे सेवा (होम डेलिभरी)दिनेले भिडभाड नहुने, दुरी कायम हुने, स्यानिटाइजर प्रयोग गर्ने र स्वास्थ्य सुरक्षा मापदण्ड प्रयोग गरी बिहान ५:०० बजे देखी साँझ ८:०० बजे सम्म ।
- <u>यसरी व्यापार व्यवसाय सञ्चालन गर्दा तपसिल बमोजिम नभएमा व्यपार व्यवसाय सो दिनका लागि तत्कालै बन्द गरि ऐन बमोजिम जरिवाना वा कैद गरिनेछ :</u>
    - आ-आफ्नो सेवा स्थल अगाडी कम्तीमा २ मीटर दूरी कायम गराउनु पर्नेछ ।
    - बिक्रेता वा सेवा प्रदायकले अनिवार्य मास्क लगाएको हुनुपर्ने । साथै सेवाको प्रकृति हेरी फेशशिल्ड र पञ्जा लगाएको हुनुपर्नेछ : जस्तै औषधि पसल, होटल/रेष्टुँरा, खाध्यान्न पसल आदि।
    - मास्क नलगाई आउने सेवाग्राही/क्रेतालाई बिक्री वा सेवा दिन पाइने छैन ।
    - सेवाग्राहीकालागी हात धुने साबुन पानी वा स्यानिटाइजरको व्यवस्था गरेको हुनुपर्नेछ ।

- यस कार्यको लागि तपसिल बमोजिमको अनुगमन समिति रहनेछ ।

सम्बन्धित स्थानीय तहको वडाध्यक्ष, उद्योग वाणिज्य संघ र नजिकको सुरक्षा निकाय सहितको एक अनुगमन समिति रहनेछ ।

५. उद्योग, कलकारखाना संचालन गर्दा कामदारहरुको खाने बस्ने व्यवस्थाका लागि अनिवार्य रुपमा उद्योग परिसरमै क्याम्प राख्ने व्यवस्था गरी जनस्वास्थ्य सुरक्षा मापदण्डको पालना गर्नु गराउनु पर्नेछ । साथै आवश्यक पर्ने पिपिइ सेट लगायतका स्वास्थ्य सामाग्री सम्बन्धित उद्योग कलकारखाना आफैले प्रबन्ध गर्नु पर्नेछ ।

६. स्वाब परिक्षण गराउने व्यक्तिहरु रिपोर्ट नआउन्जेलसम्म अनिवार्य रुपमा होम क्वारेन्टाइन वा स्थानीय तहबाट संचालित क्वारेन्टाइनमा बस्नु पर्नेछ । कन्ट्याक्ट ट्रेसिंगमा परेका व्यक्तिहरु समेत स्वाब परिक्षण

प्रमुख जिल्ला अधिकारी

गराउने व्यक्तिहरुको रिपार्ट नआउन्जेलसम्म अनिवार्य रुपमा क्वारेन्टाइनमा बस्नु पर्नेछ। होम क्वारेन्टाइनमा बसे नबसेको निगरानी सम्बन्धित स्थनीय तहको वडा कार्यालयले गर्नु पर्नेछ। यस व्यवस्थाको उल्लघंन हुने गरी जथाभावी हिडडुल गर्नेहरु उपर संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही हुनेछ।

७. सरकारी तथा सार्वजनिक कार्यालहरु र बैंक वित्तिय संस्थाहरुमा हुन सक्ने भिडभाडलाई दृष्टिगत गरी त्यस्ता कार्यालयले सेवाको किसिम र भौगोलिक स्थान खुलाई समय तालिका बनाई पुर्व सूचना जारी गरी सेवा प्रवाह गर्ने। त्यस्तो सूचनाको जानकारी तत्काल जिल्ला प्रशासन कार्यालय र सबै स्थानीय तहहरु समतेलाई उपलब्ध गराउने।

सरकारी/सार्वजनिक संस्थागत तथा अन्य नीजि कार्यालयका सेवा :

क) स्वास्थ्य तथा सुरक्षाका मापदण्ड अवलम्बन गरेर मात्र सञ्चालन गर्नुपर्नेछ, जस्तै :
- सेवाग्राहीले समेत मास्क लगाएको हुनुपर्ने
- २ मीटर दुरी कायम भएको हुनुपर्ने
- हात धुने साबुन पानी वा स्यानिटाइजरको व्यवस्था हुनुपर्ने

ख) कार्यालयले सेवा प्रदान गर्दा भीडभाड हुन नदिन/आवश्यक पर्दा सेवाको किसिम, सेवा पाउने मानिसको भौगोलिक स्थान वा प्रकृति, सेवा प्रदान हुने दिन वा समय खोली संम्बन्धित कार्यालयले पूर्व सूचना गरी सो को अग्रिम जानकारी जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा सबै स्थानीय तह समेतमा दिनुपर्नेछ ।

ग) सेवा प्रदायक कार्यालय/निकाय वा स्थलमा कोभिड-१९ को संक्रमण देखिन आएमा शिल गरी परीक्षण गराई केही समयका लागि सेवा बन्द गर्न सकिनेछ ।

८. कोभिड १९ को विश्वव्यापी महामारीको अवस्थाले अवरुद्ध रहेको विद्यालयको नियमित पठनपाठन सुचारु गर्न नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७।०५।१९ को माननीय मन्त्री स्तरीय निर्णय अनुसार स्वीकृत "विद्यार्थी सिकाई सहजिकरण निर्देशिका, २०७७" ले निर्दिष्ट गरेको परिधी र मापदण्ड भित्र रही निर्देशिका बमोजिम सबै स्थानीय तहहरुले आ-आफ्नो क्षेत्र भित्रका सम्पुर्ण शैक्षिक संस्थाहरुसँग कार्ययोजना माग गरी शैक्षिक संस्थाहरु विद्यार्थी सिकाई सहजिकरण निर्देशिका बमोजिम गर्न अनुरोध गर्ने।

५. कारागार कार्यालय, सिरहामा तत्कालिन समयमा कारागार भित्र कैदीवन्दी र आश्रित गरी जम्मा ५९९ जना मध्येमा कोभिड १९ संक्रमित ५०७ जना रहेको। हाल २ जना आश्रित सहित ५८८ जना कैदीवन्दी रहेको मध्ये ४८२ जनालाई कोभिड १९ को संक्रमण देखिन आएको छ र अब हुने कोभिड १९ को परिक्षण गर्दा संक्रमणको संख्या घट्न सक्ने देखिन्छ। कारागार भवन साँघुरो भएकोमा कारागार सँगै जोडिएको जिल्ला प्रशासन कार्यालयको पुरानो भवनलाई कैदीवन्दीहरुको आइसोलेशन गृह बनाउने कार्य भैरहेको। जिल्ला सुरक्षा समितिबाट स्थलगत निरीक्षण भैरहेको छ। सो निर्माण कार्य सकिनासाथ नवनिर्मित सो भवनको भुँईतल्लामा महिला कैदीवन्दीहरुलाइ सार्ने। माथिल्लो तल्ला र कारागारको साविकको महिला कक्षमा हाललाइ पुरुष कैदीवन्दीहरु मध्ये संक्रमितलाई राखी स्वस्थ्य कैदीवन्दीलाई अलग अलग गरी राख्न कारागार कार्यालयलाई निर्देशन दिने। सो थप भएको संरचनाको लागि आवश्यक हुने थप सुरक्षाकर्मी जिल्ला प्रहरी कार्यालयबाट व्यवस्थापन गर्ने।

६. गजेन्द्र नारायण सिंह अस्पताल राजबिराज, कोशि अस्पताल बिराटनगर, बि.पि.के.आई.एच.एस. धरान लगायतका अस्पतालहरुले संकलित नमुना/स्वाब लिनको लागि रिएजेन्टको अभावले गर्दा लिन नमान्ने गरेकोले यस जिल्लाको कोभिड १९ को संक्रमणको परिक्षण दायरा बढाउन तथा कन्ट्याक्ट ट्रेसिङ गर्न गार्हो भएकोले कोभिड १९ को संक्रमणलाइ नियन्त्रण र रोकथाम कार्यलाइ तदारुकताका साथ अगाडि बढाउन PCR Lab तथा रिएजेन्टको व्यवस्थापनको लागि संघिय सरकार र प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने।

सरकारी अस्पताल नभएका सबै गा.पा. न.पा. ले ५ बेडको कोभिड अस्पताल शुचारू गर्न संघिय सरकारको निर्देशिका बमोजिम गर्नु गराउनुहुन पुनः अनुरोध गर्ने।

सबै गा.पा. न.पा. हरुले अत्यावश्यक औषधि, पि.पि.ई. लगातयका सुरक्षा सामाग्रीहरु समयमै खरिद गरी Emergency stock Level maintain गर्ने।

कोभिड संक्रमण रोकथाम नियन्त्रण, व्यवस्थापनका लागि खटिएका स्वास्थ्यकर्मीहरुले गत आ.ब. कै जोखिम भत्ता हाल सम्म पनि नपाएको गुनासो आईरहेकोले स्वाब कलेक्सन/क्वारेनटाईन/हेल्प डेस्क/आईसोलेसनमा खटिएका स्वास्थ्यकर्मीहरुलाई नेपाल सरकारको आदेश तथा निर्णय बमोजिम गर्नको लागि सबै गा.पा. न.पा. लाई अनुरोध गर्ने।

यसैगरी सिरहा अस्पतालको प्रयोगशालामा कोभिड १९ को परिक्षणको लागि तयारी अवस्थामा रहनको लागि आवश्यक रिएजेन्टको व्यवस्था गर्नको लागि सिरहा जिल्लाका १७ वटा स्थानीय तहहरुबाट रिएजेन्ट लगायत आवश्यक केमिकल खरिदको लागि बजेटको व्यवस्था गर्न लेखि पठाउने ।

७. संविधान दिवसका दिन सम्मान गर्न छुट भएका तपसिलका व्यक्तिहरुलाई यस जिल्ला भित्रको कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रण कार्यमा फ्रन्टलाइनमा खटिने चिकित्सक, नर्स तथा अन्य कर्मचारी, सुरक्षा निकायका पदाधिकारी र सार्वजनिक निकायका पदाधिकारी लगायतका कोभिड १९ को संक्रमण नियन्त्रण तथा रोकथाममा खटिने तपसिल बमोजिमका व्यक्ति तथा पदाधिकारीहरुलाई सम्मान सहित सम्मानपत्र प्रदान गर्ने ।

**कोभिड १९ को संक्रमण नियन्त्रण तथा रोकथामको लागि खटिने सरकारी कर्मचारीहरु, पदाधिकारीहरु र अन्यहरु :**

| | |
|---|---|
| १. प्रमुख प्रशासकिय अधिकृत श्री खेमनन्द भुषाल, | लहान नगरपालिका |
| २. प्रमुख प्रशासकिय अधिकृत श्री अमरेन्द्र कुसियैत, | नवराजपुर गाउँपालिका |
| ३. प्रमुख प्रशासकिय अधिकृत श्री कमलदेव यादव, | विष्णुपुर गाउँपालिका (हाल औरही गाउँपालिका) |
| ४. प्रमुख प्रशासकिय अधिकृत श्री सुमित्रा लामा, | नरहा गाउँपालिका (हाल लक्ष्मीपुर-पतारी गाउँपालिका) |
| ५. प्रमुख प्रशासकिय अधिकृत श्री दिलिप कुमार यादव | भगवानपुर गाउँपालिका |
| ७. सञ्चारकर्मी श्री संतोष सुवेदी, संवाददाता | गोरखापत्र दैनिक |
| ८. सञ्चारकर्मी श्री हिरालाल चौधरी, संवाददाता | नेपाल टेलिभिजन |
| ९. सवारी चालक श्री दिनेश कुमार यादव | माडर होल्डिंग सेन्टरको बस चालक |
| १०. महाप्रबन्धक श्री रविन्द्र कुमार पाण्डेय | सौर्य सिमेन्ट, सिरहा |
| ११. प्रशासकिय अधिकृत श्री भावेश कुमार झा | जिल्ला प्रशासन कार्यालय, सिरहा |
| १२. क.अ. श्री निलाम्बर प्रसाद यादव | जिल्ला प्रशासन कार्यालय, सिरहा |
| १३. ना.सु. श्री संजय कुमार यादव | जिल्ला प्रशासन कार्यालय, सिरहा |
| १४. लेखापाल श्री नविन कुमार अधिकारी | जिल्ला प्रशासन कार्यालय, सिरहा |
| १५. खरिदार श्री दिनेश कुमार भट्टराई | जिल्ला प्रशासन कार्यालय, सिरहा |
| १६. का.स. श्री निरंजन बखरेल | जिल्ला प्रशासन कार्यालय, सिरहा |
| १७. का.स. श्री महेन्द्र मेस्तर | जिल्ला प्रशासन कार्यालय, सिरहा |
| १८. का.स. श्री कौशिला मेस्तर | जिल्ला प्रशासन कार्यालय, सिरहा |
| १९. अध्यक्ष श्री दिनेश्वर गुप्ता | नेपाल पत्रकार महासंघ, सिरहा |
| २०. सञ्चारकर्मी श्री आलोक यादव, संवाददाता | ABC टेलिभिजन |
| २१. " श्री मुकेश यादव, संवाददाता | प्राइम टेलिभिजन |
| २२. " श्री भारति गुप्ता, संवाददाता | सौगात एफ.एम. |
| २३. " श्री शुभनारायाण कामती, संवाददाता | अपन दैनिक |

**कोभिड १९ को संक्रमण नियन्त्रण तथा रोकथामको फ्रन्टलाईन कार्यमा खटिने चिकित्सक, नर्स तथा अन्य कर्मचारीहरु :**

| | |
|---|---|
| १. मे.अ. डा. संजिव कुमार यादव | **च.मा.वि. आइसोलेशन, सिरहा अस्पताल** |
| २. हे.अ. श्री ओम प्रभास ठाकुर | " |
| ३. हे.अ. श्री ललित यादव | " |
| ४. हे.अ. श्री रुपेश कुमार यादव | " |
| ५. हे.अ. श्री सुभाष कुमार मण्डल | " |
| ६. हे.अ. श्री सरोज कुमार राय | " |
| ७. हे.अ. श्री विरेन्द्र कुमार यादव | " |
| ८. अ.हे.व. श्री सुभाष कुमार चौधरी | " |
| ९. अ.हे.व. श्री उषा कुमारी शर्मा | " |
| १०. अ.न.मी. श्री नितु कमारी यादव | " |
| ११. सरसफाई कर्मचारी श्री अजय कुमार मल्लिक | " |
| १२. " " श्री पवन मल्लिक | " |
| १३. " " श्री ललिता देवी महतो | " |
| १४. " " श्री रमेश मल्लिक | " |
| १५. " " श्री सरोज कुमार नायक, | " |

प्रमुख जिल्ला अधिकारी

**स्वास्थ्य कार्यालय, सिरहा अन्तर्गत**

| | | |
|---|---|---|
| १. | शाखा प्रमुख श्री राम कुमार महतो | स्वास्थ्य शाखा, अर्नामा गाउँपालिका |
| २. | जनस्वास्थ्य अधिकृत श्री मो. ईदरिश राईन | सिरहा नगरपालिका |
| ३. | जनस्वास्थ्य निरिक्षक श्री मनोज कुमार कैवार | स्वास्थ्य चौकी सारस्वर, सिरहा नगरपालिका |
| ४. | हे.अ. श्री मनोज कुमार दास | स्वास्थ्य चौकी मानपुर, सिरहा |
| ५. | अ.हे.व. श्री राकेश कुमार दास | शहरी स्वास्थ्य क्लिनिक, सिरहा |
| ६. | ह.स.चा. श्री संजय मल्लिक | सिरहा नगरपालिका, सिरहा |

**कोभिड १९ को संक्रमण नियन्त्रण तथा रोकथामको फ्रन्टलाईनमा खटिने सुरक्षाकर्मीहरु :**

**शव व्यवस्थापन खटिने :**

| | | |
|---|---|---|
| १. | सेनानी श्री ज्योति कुमार कार्की | श्री शेर गण, चोहर्वा |
| २. | सहसेनानी श्री गिरिजा प्रसाद भट्ट | " |
| ३. | सहसेनानी श्री गोविन्द बहादुर गुरुङ्ग | " |
| ४. | सहसेनानी श्री उत्तम कट्टेल | " |
| ५. | सहसेनानी श्री सर्वेश बराल | " |
| ६. | उपसेनानी श्री सरोज श्रेष्ठ | " |
| ७. | उपसेनानी श्री पारस खड्का | " |
| ८. | हुद्दा श्री तिर्थ बहादुर तामाङ्ग | " |
| ९. | हु.क. श्री सन्तोष थापा | " |
| १०. | प्युठ श्री रामप्रकाश ठाकुर | " |
| ११. | " श्री अमित कुमार मिश्र | " |
| १२. | " श्री सयन्द्र लावती | " |
| १३. | " श्री लोक बहादुर लुङ्गेली | " |
| १४. | " श्री दिपक ठगुन्ना | " |
| १५. | " श्री निर बहादुर भण्डारी | " |
| १६. | सिपाही श्री रविन्द्र कार्की | " |
| १७. | सिपाही श्री राजेश सुनाम | " |

**होल्डिंग एरियामा खटिने :**

| | | |
|---|---|---|
| १. | सहसेनानी श्री विवेक महत | श्री शेर गण |
| २. | हुद्दा श्री राम बहादुर कसाई | " |
| ३. | " श्री दल बहादुर बराई | " |
| ४. | अम. श्री गोकुल गिरी | " |
| ५. | " श्री महाविर थापा | " |
| ६. | प्युठ श्री सुनिल चौधरी | " |
| ७. | " श्री कबिन्द्र खड्का | " |

प्रमुख जिल्ला अधिकारी